नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
# औषधि व्यवस्था विभाग

## औषधिको आपूर्ति श्रृङ्खला सुनिश्चित गर्ने बारे जरुरी सूचना

### (प्रकाशित मितिः २०८३/०३/१८)

नेपाली बजारमा हाले देखिएको **counterfeit तथा falsified औषधिहरूको** बिक्री वितरण साथै Recall को सूचना जारी गर्दा त्यस्ता औषधिहरूको बजारबाट न्यून परिमाणमा फिर्ता हुने भएको र उक्त औषधिको सेवनले नकारात्मक असर पर्न सक्ने हुँदा जनस्वास्थ्यलाई जोखिमबाट बचाउन, औषधि आपूर्ति श्रृङ्खलामा सुधार गर्न र बजारलाई व्यवस्थित तथा पारदर्शी बनाउन औषधि बिक्री वितरण संहिता २०८० को मर्म बमोजिम निम्नानुसारका व्यवस्थाहरू लागू गर्न सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

यी व्यवस्थाहरू तत्काल प्रभावकारी रूपमा कार्यान्वयन गर्न सबै स्वदेशी औषधि उत्पादक, पैठारीकर्ता, थोक बिक्रेता तथा खुद्रा बिक्रेताहरूलाई निर्देशन दिइन्छ।

### लिखित सम्झौता (**Written Agreement**)

सबै स्वदेशी उत्पादक तथा औषधि पैठारीकर्ताहरूले आफ्ना आधिकारिक थोक बिक्रेताहरूसँग लिखित सम्झौता गर्नुपर्ने छ। उक्त सम्झौतामा उत्पादक/पैठारीकर्ता तथा थोक बिक्रेताको जिम्मेवारी, क्षेत्राधिकार, गुणस्तर नियन्त्रण, भण्डारण मापदण्ड, आपूर्ति शर्तहरू तथा दुवै पक्षको कानुनी दायित्व स्पष्ट रूपमा उल्लेख हुनु पर्नेछ। लिखित सम्झौता बिना कुनै पनि औषधि आपूर्ति वा वितरण गर्न निषेध गरिएको छ। उत्पादक तथा पैठारीकर्ताले आफ्नो औषधिहरूको उचित भण्डारण र व्यवस्थापन गर्न सक्ने क्षमता भएका योग्य थोक बिक्रेतालाई मात्र थोक बिक्रेता नियुक्त गर्नु पर्नेछ ।

### आधिकारिक थोक बिक्रेताहरूको सार्वजनिक सूची

सबै स्वदेशी उत्पादक तथा औषधि पैठारीकर्ताहरूले आफ्ना आधिकारिक थोक बिक्रेताहरूको अद्यावधिक सूची आफ्नो आधिकारिक वेबसाइटमा प्रकाशित गर्नुका साथै औषधि व्यवस्था विभागको आधिकारिक

नि. महानिर्देशक

पोर्टलमा पनि उपलब्ध गराउनु पर्नेछ। सूचीमा थोक बिक्रेताको नाम, ठेगाना, दर्ता नम्बर, सम्पर्क विवरण र सम्झौता मिति उल्लेख हुनु पर्नेछ। यो सूची थपघट भएमा अनिवार्य रूपमा अद्यावधिक गर्नु पर्नेछ।

**संस्थागत आपूर्ति (Institutional Supply) सम्बन्धी व्यवस्था**

अस्पताल, स्वास्थ्य संस्था तथा अन्य संस्थागत खरिदमा प्रयोग हुने औषधिहरूको प्याकेजिङ/लेबलिङमा **"Institutional Supply Only"** स्पष्ट रूपमा उल्लेख हुनु पर्नेछ। यस्ता औषधिहरू खुद्रा बिक्रीका लागि प्रयोग गर्न निषेध गरिएको छ।

**थोक बिक्रेताहरूको बिक्री सीमा**

थोक बिक्रेताहरूले औषधि व्यवस्था विभागमा दर्ता भएका खुद्रा औषधि पसल, सरकारी स्वास्थ्य संस्था, अस्पताल तथा प्रचलित कानुनबमोजिम दर्ता भएका अन्य संस्थाहरूलाई मात्र औषधि बिक्री वितरण गर्न सक्नेछन्। अनाधिकृत व्यक्तिलाई औषधि बिक्री वितरण गर्न पूर्ण रूपमा निषेध गरिएको छ ।

**खुद्रा बिक्रेताहरूको खरिद दायित्व**

सबै खुद्रा बिक्रेताहरूले उत्पादक वा औषधि पैठारीकर्ताद्वारा अधिकृत थोक बिक्रेताबाट मात्र औषधि खरिद गर्नु पर्नेछ। खरिद गर्दा थोक बिक्रेताको नाम, औषधि व्यवस्था विभागको दर्ता नम्बर र Invoice अनिवार्य रूपमा संरक्षण गर्नु पर्नेछ।

**लाइसेन्स नवीकरण प्रक्रिया**

आर्थिक वर्ष २०८३/८४ देखि थोक बिक्रेताहरूले औषधि बिक्री वितरण प्रमाणपत्र नवीकरण गर्दा उत्पादक/पैठारीकर्तासँग भएको लिखित सम्झौताको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा पेश गर्नु पर्नेछ।

उल्लेखित व्यबस्थाको उल्लंघन गर्ने कुनै पनि पक्षलाई औषधि ऐन २०३५ तथा औषधि बिक्री वितरण संहिता २०८० बमोजिम कानुनी कारबाही गरिने व्यहोरा समेत अनुरोध छ।

नेपाल सरकार
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय
औषधि व्यवस्था विभाग
बिजुलीबजार, काठमाडौं

नि. महानिर्देशक